# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, पुस २४ गते, २०८२ साल (संख्या ५६

## भाग ३

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना

**संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर ३४**

**<u>सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (पहिलो संशोधन) नियमावली, २०८२</u>**

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

**१.** **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (पहिलो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२.** **सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०८१ मा नियम २०क. थप** : सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०८१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २० पछि देहायको नियम २०क. थपिएको छ :-

"**२०क.** **उपयुक्तताको मापन सम्बन्धी मापदण्ड** : ऐनको दफा ७प. को उपदफा (१) को खण्ड (ङ) बमोजिम नियमनकारी निकायले उपयुक्तताको मापन सम्बन्धी मापदण्ड बनाउँदा त्यस्तो मापदण्डमा कम्तीमा देहायका विषय समावेश हुने व्यवस्था गर्नु पर्नेछ :-

(क) सूचक संस्थाको संस्थापना, स्थापना, सञ्चालन, व्यवस्थापन वा काम कारबाहीमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा स्वामित्व हुने, नियन्त्रण गर्ने वा सहभागी हुने वा सोको वास्तविक धनी वा हिताधिकारीको वित्तीय गैरकानूनी आर्जन वा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आपराधिक संलग्नता सम्बन्धमा सूचक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संस्थाबाट कम्तीमा देहायका विवरण लिने सम्बन्धी व्यवस्था,-

(१) सम्बन्धित व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिमको मापदण्ड पालनाको स्वघोषणा,

(२) सम्बन्धित व्यक्तिको नाम, थर, ठेगाना, पारिवारिक विवरण, वास्तविक धनी तथा हिताधिकारीको विवरण,

(३) नेपाल वा विदेशमा कुनै कसूरमा संलग्न भए वा नभएको घोषणा र भएको भए सोको विस्तृत विवरण र वर्तमान अवस्था,

(४) कुनै प्रकारको मुद्दा मामिला, अनुसन्धान, वैकल्पिक विवाद समाधानको प्रक्रिया वा न्यायिक वा प्रशासनिक कारबाहीको प्रक्रियामा रहेको लिखित रूपमा जानकारी भएको भए सोको विवरण,

(५) अदालत वा अधिकारप्राप्त अधिकारीको फैसला वा आदेश बमोजिम तिर्नु, बुझाउनु पर्ने राजस्व, सरकारी बाँकी बक्यौता रहे वा नरहेको विवरण,



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) नेपाल वा विदेशमा कर्जा सम्बन्धी कालोसूचीमा परे वा नपरेको विवरण,

(७) स्वार्थको द्वन्द्व हुन सक्ने अवस्था विद्यमान रहे वा नरहेको विवरण,

(८) सम्बन्धित व्यक्ति नेपाली नागरिक भए निजको नेपाल बाहिर कुनै सम्पत्ति रहे वा नरहेको वा कुनै सम्पत्तिमा वास्तविक धनी वा हिताधिकारी भए वा नभएको घोषणा,

(९) विगतमा संलग्न भएको कार्य, संस्था, प्राप्त भएको जिम्मेवारी, पुरस्कार, सजायको अवस्था, कार्य सफलताको उदाहरण लगायतका विषय खुल्ने सम्बन्धित क्षेत्रको कार्य अनुभव सम्बन्धी विवरण,

(१०) वित्तीय आचरण (फाइनान्सियल साउन्डनेस) सम्बन्धी विवरण।

(ख) सूचक संस्थाले खण्ड (क) बमोजिमको विवरण सम्बन्धित व्यक्तिबाट देहायको अवस्थामा लिई सम्बन्धित नियमनकारी निकायमा पेस गर्नुपर्ने सम्बन्धी व्यवस्था,-

(१) दर्ता अनुमति वा इजाजतपत्रको निवेदन दिँदा, चुक्ता पुँजीको पाँच



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रतिशत वा पचास लाख रुपैयाँभन्दा बढीको शेयर वा पुँजी लगानी वा खरिद गर्दा,

(२) सूचक संस्थाको सञ्चालक वा उच्च व्यवस्थापकीय पद वा तहमा नियुक्ति वा मनोनयन गर्दा,

(३) पाँच प्रतिशत वा पच्चिस लाख रुपैयाँभन्दा बढीको शेयर वा पुँजीमा वास्तविक धनी वा हिताधिकारी रहँदा।

(ग) सूचक संस्थाले पेस गरेको विवरणको सम्बन्धमा वित्तीय जानकारी इकाइ, सम्बन्धित सरकारी निकाय वा अन्य उपयुक्त माध्यमबाट सूचना वा जानकारी प्राप्त गरी सम्बन्धित व्यक्तिको नैतिकता, सदाचारिता र प्रतिष्ठाको सम्बन्धमा विवरण लिन सक्ने व्यवस्था,

(घ) मापदण्ड प्रारम्भ हुँदाका बखत कायम रहेको व्यक्तिको यस नियम बमोजिम विवरण लिने सम्बन्धी व्यवस्था।"

३. **मूल नियमावलीको नियम ६३ मा संशोधन** : मूल नियमावलीको नियम ६३ को,-

(१) उपनियम (१) मा रहेका "यथाशीघ्र गोप्य रूपमा" भन्ने शब्दहरूको सट्टा "यथाशीघ्र एकपक्षीय र गोप्य रूपमा" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (३) मा रहेका "गृह मन्त्रालयले" भन्ने शब्दहरूको सट्टा "उपनियम (२) बमोजिम गृह मन्त्रालयले" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (८) मा रहेका "लगायतका उपलब्ध भएसम्मका सबै सान्दर्भिक जानकारी वा विवरण समेत दिनु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "र संयुक्त राष्ट्र सङ्घ, सुरक्षा परिषद्को सम्बन्धित सूची सम्बन्धी प्रस्ताव (रेजोलुसन) नम्बर लगायतका उपलब्ध भएसम्मका सबै सान्दर्भिक जानकारी वा विवरण प्रकाशन गर्नु वा दिनु पर्नेछ" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपनियम (१०) पछि देहायका उपनियम (११) र (१२) थपिएका छन् :-

"(११) गृह मन्त्रालयले यस परिच्छेदको कार्यान्वयनको लागि विद्युतीय पोर्टल स्थापना गर्न सक्नेछ।

(१२) उपनियम (११) बमोजिमको विद्युतीय पोर्टलमा गृह मन्त्रालयले सूचक संस्था, नियमनकारी निकाय र अन्य सम्बद्ध निकायको पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाउनु पर्नेछ।"

४. **<u>मूल नियमावलीको नियम ६४ मा संशोधन</u>** : मूल नियमावलीको नियम ६४ को उपनियम (१) मा रहेका "तत्काल रोक्का" भन्ने शब्दहरूको सट्टा "एकपक्षीय रूपमा वा सम्बन्धित व्यक्तिलाई जानकारी नदिई तत्काल रोक्का" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. **मूल नियमावलीको नियम ६५ मा संशोधन** : मूल नियमावलीको नियम ६५ को उपनियम (१) मा रहेका "विदेशी व्यक्ति वा कसैले पनि" भन्ने शब्दहरूको सट्टा "विदेशी व्यक्ति, सूचीकृत व्यक्ति, समूह वा सङ्गठनसँग सम्बन्धित नरहेको तेस्रो पक्ष वा कसैले पनि" भन्ने शब्दहरू राखिएका छन्।

६. **मूल नियमावलीको नियम ६७ मा संशोधन** : मूल नियमावलीको नियम ६७ को,-

(१) उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "परराष्ट्र मन्त्रालयमार्फत गृह मन्त्रालयमा" भन्ने शब्दहरू पछि "वा संयुक्त राष्ट्र सङ्घ, सुरक्षा परिषद्को सचिवालयमा रहेको सूचीबाट हटाउने सम्बन्धी सम्पर्क बिन्दुमा सोझै" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपनियम (९) पछि देहायको उपनियम (१०) थपिएको छ :-

"(१०) यस नियम बमोजिम सूचीबाट हटाउने र त्यस्तो सूची बमोजिम रोक्का रहेको सम्पत्ति वा कोषको फुकुवा सम्बन्धी अन्य व्यवस्था गृह मन्त्रालयले निर्धारण गर्न सक्नेछ।"

७. **मूल नियमावलीको नियम ७१ मा संशोधन** : मूल नियमावलीको नियम ७१ को,-

(१) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१क) उपनियम (१) बमोजिम निवेदन दिँदा सम्पत्ति वा कोष रोक्काको कारण निर्दोष तेस्रो पक्षलाई कुनै क्षति पुगेको भएमा त्यस्तो क्षतिपूर्ति माग गर्न सकिनेछ।"

(२) उपनियम (३) मा रहेका "कोष फुकुवा गर्नु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "कोष फुकुवा गरी उपनियम (१क) बमोजिम क्षतिपूर्ति माग भएकोमा मनासिब क्षतिपूर्ति समेत उपलब्ध गराउनु पर्नेछ" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छ :-

"(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पर्याप्त प्रमाण वा विश्वसनीय आधार बिना कसैलाई हैरान गर्ने, निर्दोष पक्षलाई दुःख दिने मनसाय वा नियतले कसैको सम्पत्ति वा कोष रोक्का राखेमा त्यस्तो कार्य गर्ने व्यक्तिबाट उपनियम (१क) बमोजिमको क्षतिपूर्ति भराई सो बापत प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा पर्ने छैन।"

८. **मूल नियमावलीमा नियम ७२क. थप** : मूल नियमावलीको नियम ७२ पछि देहायको नियम ७२क. थपिएको छ :-

"**७२क. सूचीकरण पूर्वको करार, सम्झौता वा सिर्जना भएको दायित्व सम्बन्धी व्यवस्था** : (१) ऐन वा यस नियमावली बमोजिम सूचीकरण भएको व्यक्ति, समूह वा सङ्गठनले सूचीकृत हुनु अघि गरेको करार,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्झौता वा अन्य कुनै किसिमबाट सिर्जना भएको दायित्व बमोजिम कुनै रकम भुक्तानी गर्न बाँकी रहेको भएमा गृह मन्त्रालयले त्यस्तो रकम भुक्तानी वा प्राप्तिको लागि सम्पत्ति वा कोष फुकुवा गर्ने सम्बन्धी प्रक्रिया निर्धारण गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको व्यवस्था गर्नु अघि गृह मन्त्रालयले देहायको अवस्था विद्यमान रहेको यकिन गर्नु पर्नेछ :-

(क) करार वा सम्झौता निषेधित वस्तु, सामग्री, उपकरण, प्रविधि, सहायता, तालिम, वित्तीय सहायता, लगानी, दलाली वा सेवासँग सम्बन्धित नभएको,

(ख) उपनियम (१) बमोजिम हुने भुक्तानी वा प्राप्ति संयुक्त राष्ट्र सङ्घ, सुरक्षा परिषद्को प्रस्ताव (रेजोलुसन) बमोजिम सूचीकृत व्यक्ति, समूह वा सङ्गठनले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्राप्त नगर्ने सुनिश्चितता रहेको।

(३) उपनियम (१) बमोजिम भुक्तानी वा प्राप्तिको लागि सम्पत्ति वा कोष फुकुवा गर्नुभन्दा कम्तीमा दश दिन अगावै गृह मन्त्रालयले संयुक्त राष्ट्र सङ्घ, सुरक्षा परिषद्को प्रस्ताव (रेजोलुसन) नं. १७३७ बमोजिमको समिति (स्याङ्कसन कमिटी) लाई त्यस्तो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भुक्तानी वा प्राप्ति गर्ने वा उपयुक्त भएमा भुक्तानी गर्ने वा प्राप्ति गर्ने उद्देश्यको लागि सम्पत्ति वा कोष फुकुवा गर्ने अनुमति दिने मनसायको पूर्वसूचना पठाउनु पर्नेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा २९ङ. वा २९च. बमोजिमको सूचीमा रही कुनै व्यक्ति, समूह वा सङ्गठनको कोष रोक्का राख्दा त्यस्तो व्यक्ति, समूह वा सङ्गठन सूचीकृत हुनु अघि गरेको करार, सम्झौता वा अन्य कुनै किसिमबाट सिर्जना भएको दायित्व बमोजिमको रकम खातामा जम्मा गर्न बाधा नपर्ने गरी रोक्का राख्नु पर्नेछ।"

९. **<u>मूल नियमावलीमा नियम ७५क. थप</u>** : मूल नियमावलीको नियम ७५ पछि देहायको नियम ७५क. थपिएको छ :-

"**७५क. <u>छुट्टाछुट्टै सूची कायम गर्नुपर्ने</u>** : गृह मन्त्रालयले ऐनको परिच्छेद-६ख. र यस नियमावली बमोजिम सूची कायम गर्दा देहाय बमोजिमका छुट्टाछुट्टै सूची कायम गरी वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ :-

(क) आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धमा र आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी सम्बन्धमा सूचीकृत व्यक्ति, समूह वा सङ्गठनको छुट्टाछुट्टै सूची,

(ख) संयुक्त राष्ट्र सङ्घ, सुरक्षा परिषद्को सूचीकृत व्यक्ति, समूह वा सङ्गठनसँग सम्बन्धित सूची सम्बन्धी प्रस्ताव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(रेजोलुसन) बमोजिम अद्यावधिक गरेको र हटेको नामको छुट्टाछुट्टै सूची,

(ग) व्यक्ति, समूह वा सङ्गठन सूचीकृत गर्ने मुलुक अनुसारको छुट्टाछुट्टै सूची।"

१०. **मूल नियमावलीको नियम ७६ मा संशोधन** : मूल नियमावलीको नियम ७६ को उपनियम (३) मा रहेका "भएको मितिले तीन महिनाभित्र" भन्ने शब्दहरूको सट्टा "भएकोमा सोको जानकारी तत्काल" भन्ने शब्दहरू राखिएका छन्।

११. **मूल नियमावलीको नियम ८७ मा संशोधन** : मूल नियमावलीको नियम ८७ को उपनियम (५) मा रहेका "प्रतिनिधि वा विज्ञलाई" भन्ने शब्दहरू पछि "उपनियम (१) बमोजिमको" भन्ने शब्दहरू थपिएका छन्।

१२. **मूल नियमावलीको नियम १०१ मा संशोधन** : मूल नियमावलीको नियम १०१ मा रहेका "प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले" भन्ने शब्दहरूको सट्टा "अर्थ मन्त्रालयले" भन्ने शब्दहरू राखिएका छन्।

**आज्ञाले,**

**डा. घनश्याम उपाध्याय**

**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।